# महाकुलुङ गाउँकार्यपालिकाको ब्याकलोडर सञ्चालन सम्बन्धि कार्यविधि, २०७९

गाउँपालिकावाट स्वीकृत मिति २०७९/११/०९ गते

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ सोलुखुम्बु ।

महाकुलुङ गाउँपालिकाको ब्याकलोडर सम्बन्धि कार्यबिधि, २०७९

प्रस्तावना

महाकुलुङ गाउँपालिका क्षेत्रको समग्र भौतिक पुर्वाधार विकास लगायत यस क्षेत्रका अन्य छिमेकी गाउँपालिका वा नगरपालिकाहरुमा समेत निर्माण गरिने भौतिक पूर्वाधार कार्यहरुमा स-शुल्क प्रयोग गर्नका लागि यस कार्यालयमा रहेको नम्वरको ब्याकलोडर सञ्चालन र व्यवस्थापनका लागि देहायका शर्त, बन्देजमा रही सञ्चालन गर्ने गराउने गरी ब्याकलोडर सञ्चालन सम्बन्धि कार्यबिधि, २०७९ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।

१) संक्षिप्त नाम र प्रारम्भः –

क) यो कार्यविधिको नाम ब्याकलोडर सञ्चालन सम्बन्धि कार्यबिधि, २०७९ रहने छ।

ख) यो कार्यविधि गाउँ कार्यपालिका बैठकबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२) परिभाषाःविषय र प्रसंगले अर्को अर्थ नलागेमा:

क) **ऐन** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनु पर्दछ।

ख) **नियमावली** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई आधारमानि कार्यान्वयनमा आउने नियमावलीलाई सम्झनु पर्दछ।

ग) **गाउँपालिका** भन्नाले महाकुलुङ गाउँपालिकालाई सम्झनु पर्दछ।

घ) **गाउँ सभा** भन्नाले महाकुलुङ गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ।

ङ) **प्रमुख** भन्नाले महाकुलुङ कार्यपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

च) **उपप्रमुख** भन्नाले महाकुलुङ कार्यपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ।

छ) **गाउँ कार्यपालिका** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २ ङ मा भएको उल्लेखित व्यवस्थालाई सम्झनु पर्दछ।

ज) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले महाकुलुङ कार्यपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

झ) **वडाअध्यक्ष** भन्नाले महाकुलुङ कार्यपालिकाका वडाअध्यक्षहरुलाई सम्झनु पर्दछ।

ञ) **ईन्जिनियर** भन्नाले महाकुलुङ गाउँपालिकाको ईन्जिनियरलाई सम्झनु पर्दछ।

ट) **कार्यालय** भन्नाले महाकुलुङ गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

**३) उदेश्य :-** महाकुलुङ गाउँ कार्यापालिकाको कार्यालयवाट सञ्चालन गरिने भौतिक विकासका कार्यक्रमहरु स्थानीय गाउँवासी संघ, संस्था तथा अन्य विकास आयोजनाहरु तथा छिमेकी गाउँपालिका तथा नगरपालिकाहरुका विकास कार्यक्रमहरुमा माग भएअनुसार प्राथमिकताका आधारमा ब्याकलोडर प्रयोगमा पठाउनका लागि आवश्यक भुमिका निर्वाह गर्नु नै कार्यविधिको प्रमुख उदेश्य रहनेछ।

४) **सञ्चालन विधिः-** १) महाकुलुङ गाउँ कार्यापालिकाको कार्यालयमा रहेको ब्याकलोडर सञ्चालनका लागि देहायको प्रकृया पुरा भएपश्चात मात्र फिल्डमा खटाइनेछ।

क) ब्याकलोडरको माग गर्ने ब्यक्ति वा संस्थावाट तोकीएको ढाँचामा निबेदन पेश गर्नु पर्नेछ।



महाकुलुङ गाउँ कार्यपालिकाको कार्यालय

ङ) ब्याकलोडरवाट प्राप्त भएको आम्दानीलाई छुट्टै अभिलेख राखिनेछ । उक्त रकमवाट आवश्यक पर्ने इन्धन, कर्मचारी खर्च तथा मर्मतको लागि खर्च गर्न सकिनेछ ।

**६) ब्याकलोडर सञ्चालन शुल्क:-**

क) कुनै व्यक्ति सङ्घ संस्थावाट ब्याकलोडर माग भै आएमा देहाय वमोजिमको शुल्क नगदै वा तोकिएको बैक खातामा अग्रिम बुझाउनु पर्नेछ ।

| सि.न. | कामको प्रकार | इन्धन लगायत अन्य खर्च सहित (प्रति घण्टा ) |
|---|---|---|
| १ | महाकुलुङ गाउँपालिका क्षेत्र भित्र गाउँपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | ३०००।- (तीन हजार मात्र) |
| २ | महाकुलुङ गाउँपालिका क्षेत्र भित्र अन्य निकाय तथा ठेक्का पट्टामार्फत सञ्चालित योजनाहरु | ४०००।- (चार हजारमात्र) |
| ३ | महाकुलुङ गाउँपालिका क्षेत्र भन्दा बाहिर अन्य छिमेकी गाउँ वा नगरपालिका भित्र भएका योजनाहरु | ५०००।–(पाँच हजार मात्र) |

अपरेटर वा सहयोगी कर्मचारीलाई खाजा खाना तथा बाँस बस्नु परेमा बसोवासको व्यवस्था सम्वन्धित प्रयोगकर्ताको दायित्व रहनेछ । साथै कार्यपालिकाले उक्त दररेट समयानुकुल परिवर्तन गर्न सक्नेछ ।

**७) कर्मचारी व्यवस्था:-**

क) ब्याकलोडर सञ्चालनका लागि आवश्यक पर्ने व्याकलोडर अपरेटर १ जना सेवा करारमा सार्वजनिक खरिद ऐन,२०६३ तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ वमोजिम सेवा करार सम्वन्धी कार्यविधिका आधारमा कर्मचारी छनौट गरिनेछ । करार सेवाको लागि छनौट भएको व्याकलोडर अप्रेटरको तवल स्केल रु ३०००० तिस हजार दिईनेछ भने निजलाई प्रोत्साहन स्वरुप प्रति घण्टा रु १०० रुपैया दिइनेछ ।

ख) अपरेटरले कार्यालयले दिएको कार्य विवरण र निर्देशन विपरीत काम गर्नाले कार्यालयलाई हानी नोक्सानी हुन गएमा तत्काल एकतर्फी करार भङ्ग गरी क्षतिपूर्ति असुल उपर गरिनेछ ।

ग) सवारी चालक प्रमाण पत्र लिएको हुनु पर्नेछ ।

घ) न्यूनतम कम्तिमा ३ वर्ष वा सो भन्दा माथि स्काभेटर वा डोजर चलाएको हुनु पर्नेछ ।

ङ) अन्य कुरा प्रचलित कानून अनुसार नै हुनेछ ।

**८) ब्याकलोडर व्यवस्थापन तथा सञ्चालन समिति:-**

क) ब्याकलोडर मेशिनलाई सञ्चालन तथा व्यवस्थापनको लागि तपसिल वमोजिमको गाउँपालिका प्रमुखको संयोजकत्वमा एक समिति रहनेछ ।

१) गाउँपालिका प्रमुख – संयोजक

२) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

३) वडा अध्यक्षहरु मध्ये (३ जना )- सदस्य

४) इन्जिनियर – सदस्य

५) जिन्सी शाखा प्रमुख – सदस्य सचिव

ख) समितिले ब्याकलोडर सञ्चालन शुल्कको पुनरावलीकन मेसिन सञ्चालन तथा व्यवस्थापनको लागि थप निर्देशन लगायतका कार्यहरु गर्नेछ ।

**९) विविध:**

क) मेशिनको माइलमिटर घण्टा मिनेट लगायत आधारभूत कार्य अद्यावधिक राख्ने दायित्व मेशिन अपरेटरको हुनेछ ।

ख) ब्याकलोडर माग गर्ने व्यक्ति वा संस्थाको माग निवेदन उपर पालिका प्रमुख वा कार्यालय प्रमुखवाट लिखित आदेश भए पश्चात के कति समयका लागि माग गरिएको हो माग गरिएको समय बराबरको गाउँ कार्यपालिकाको कार्यालयले तोके अनुसारको शुल्क अग्रिम गाउँपालिकाको कार्यालयमा नगदै वा तोकिएको बैंकमा रकम जम्मा गरेको सक्कलै भौंचर पेश गर्नु पर्नेछ ।

ग) ब्याकलोडर माग गर्ने व्यक्ति वा संस्थाले गाउँ कार्यापालिकाको कार्यालयले तोकेको शुल्क बुझाए पश्चात गाउँ पालिकाको विकास निर्माणको कामलाई बाधा नपर्ने गरि पहिले दर्ता भएको निवेदनलाई पहिलो प्राथमिकता दिई खटाइनेछ । यसका अतिरिक्त कामको प्रकृतिलाई मध्यनजर गरि प्राथमिकताका साथ खटाउने व्यवस्था मिलाईनेछ ।

घ) ब्याकलोडर अपरेटरलाई गाउँ कार्यपालिकाको कार्यालयको स्वीकृत लिखित आदेश बिना कुनै स्थान विषेशमा मेशिन लगि काम गर्ने/गराउने अधिकार रहने छैन ।

ङ) निवेदकले माग गरिएको समय भन्दा बढी समय सम्म कामकाज गर्नु गराउनु पर्ने भएमा मेशिन अपरेटरले तत्काल पालिका प्रमुख वा कार्यालय प्रमुखलाई खबर गरी थप कार्य आदेश लिएर थप समयको रकम अग्रिम गाउँपालिकामा जम्मा गर्न लगाएर मात्र मेशिन सञ्चालन गर्नु पर्ने छ ।

च) मेशिन प्रयोग गरे वापत प्रतिघण्टा वा दिनको शुल्क निर्धारण गरि तोकिए वमोजिम हुनेछ ।

छ) मेशिन फिल्डमा खटाउदा कार्यालय कम्पाउड देखि काम सम्पन्न गरि पुनः कार्यालय फिर्ता भएसम्मको मिटरको हिसाब गणना गरि लाग्ने शुल्क मेशिन प्रयोगकर्ताले बुझाउनु पर्नेछ ।

ज) मेशिन खटि गएको स्थानमा काम सम्पन्न गरि कार्यालय फिर्ता भएपश्चात मेशिन अपरेटरले कामको विवरण सहित मिटरको तोकिए बमोजिमको अद्यावधिक अभिलेख भरि कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

झ) अभिलेख अद्यावधिकका लागि कार्यालयवाट आवश्यक फारमहरु तथा सवारी लक बुकको व्यवस्था गरिनेछ।

ञ) गाउँपालिकाको कार्यालयवाट सोझै गरिने कामको समेत विवरण अद्यावधिक गरि लगत खडा गरिनेछ ।

ट) ब्याकलोडर माग गर्ने व्यक्ति वा संघ संस्थाले ब्याकलोडरंको शुल्क बुझाउदा महाकुलुङ गाउँपालिकाको राजश्व काउण्टरमा नगदै जम्मा गर्नु वा कार्यालयको नाममा रहेको कुनै पनि बैकमा रहेको धरौटी खातामा रकम जम्मा गरी सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

ठ) ब्याकलोडर काममा खटिई तोकिएको समयभन्दा अगावै काम सम्पन्न भई प्रयोगकर्ताको धरौटी रकम सञ्चित रहेको खण्डमा अपरेटरको तथा योजना शाखा वा प्राविधिक शाखाको सिफारीसका आधारमा पालिका प्रमुख वा कार्यालय प्रमुखको आदेशको आधारमा सञ्चित समय वापत हुन आउने रकम माग गरेको १ हप्ताभित्र चेकद्धारा फिर्ता गरिनेछ ।

ड) गाउँपालिकाले आफ्नो कामको लागि ब्याकलोडर प्रयोग गर्दा यो व्यवस्था लागु हुने छैन। यस्तो कार्यको लागि ब्याकलोडर व्यवस्थापन एंव सञ्चालन समितिले तोकिए वमोजिम हुनेछ ।

**५) ईन्धन तथा मर्मत सम्वन्धि व्यवस्था:-**

क) मेशिन अपरेटरले ईन्धन तथा लुब्रिकेन्टस माग गर्दा कार्यालयले निर्धारण गरेको माग फारम स्वीकृत गराएर मात्र भर्नु पर्नेछ । इन्धन तथा लुब्रिकेन्टस खपतको अद्यावधिक लगत मेशिन अपरेटरले तयार गरि इन्जिनियरको सिफारिस सहित कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

ख) इन्धन तथा लुब्रिकेन्टस र मर्मत सम्वन्धि सम्पुर्ण कार्यको विस्तृत लागत गाउँ कार्यपालिकाको कार्यालयको जिन्सी शाखामा अद्यावधिक राखिनेछ ।

ग) मेशिन बिग्रिएमा बिग्रिएको लिखित जानकारी मेशिन अपरेटरले कार्यालयलाई गराउनु पर्नेछ । कार्यलयवाट वर्कसपमा चेकजाँच गराई मर्मत गर्नु पर्ने कार्यको विस्तृत विवरण माग गरी स्वीकृत भए पश्चात मात्र मर्मत संम्भारको कार्य गरिनेछ ।

घ) मर्मत सम्भारको कार्य गराउदा मेशिन अपरेटर, इन्जिनियर वा जिन्सी शाखाका प्रतिनिधि वर्कसपमा रहनु पर्नेछ ।

ख) मेशिन अपरेटरलाई आवश्यक सहयोग पुर्याउनका लागि आवश्यक परेको खण्डमा १ जना सहयोगी समेतको व्यवस्था गर्न सकिनेछ। यसरी खटिने सहयोगीले जिल्ला दर रेट अनुसार दैनिक ज्यालदारीमा ज्याला पाउने व्यवस्था मिलाईनेछ।

ग) मेशिन कार्यालयको पुर्ण नियन्त्रणमा रहनेछ। गाउँपालिका इन्जिनियर वा भण्डारण प्रमुखले समेत मेसिन चुस्त दुरुस्त राख्न ध्यान दिनु पर्नेछ।

घ) मेशिन फिल्डमा खटाउने नखटाउने सिफारीस योजना शाखा वा इन्जिनियरको हुनेछ।

ङ) मेशिनलाई क्षति नहुने गरि तोकिएको कार्य गर्नु चालकको दायित्व हुनेछ।

च) ठुल्ठुला रुख तथा ढलान आदी भत्काउने कार्य भएमा चालकले गाउँपालिकामा जानकारी गराए पश्चात प्राप्त भएको निर्देशन बमोजिम मात्र गर्नु पर्नेछ।

१०) यस कार्यविधिलाई आवस्यक संशोधन वा थपघट गर्नु पर्ने भएमा कार्यालयले कार्यपालिकाको वैठकवाट थपघट वा संशोधन गर्न सक्नेछ।

आज्ञाले

पदम बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

अनुसुची १

निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय प्रमुख ज्यू,
महाकुलुङ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु ।

बिषयः ब्याकलोडर उपलब्ध गरिपाँउ ।

यस महाकुलुङ कार्यपालिकाको कार्यालयको ब्याकलोडर आवश्यक परेकोले देहायको विवरण भरि माग गरेको छु / छौं । नियमानुसार लाग्ने शुल्क लिई ब्याकलोडर उपलब्ध गराई पाउँ भनि निवेदन पेश गर्दछु/गर्दछौं ।

**ब्याकलोडर माग गर्नेले भर्ने**

| ब्याकलोडर माग गर्ने व्यक्ति/सङ्घ संस्था/ उपभोक्ता समितिको नाम ठेगाना | कामको विवरण | ब्याकलोडर प्रयोग हुने स्थान | अनुमानित समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |

..............................................
माग गर्नेको दस्तखत

महाकुलुङ गाउँ कार्यपालिकाको कार्यालयको तर्फवाट भर्ने

| गाउँपालिकावाट खटिने स्थानसम्म लाग्ने अनुमानित समय | माग गरिएको समय र दिन | अनुमानित लाग्ने समय | अनुमानित समयको शुल्क | जम्मा गर्ने शुल्क |
|---|---|---|---|---|
| | | | | |

...........................................

..............................................................

इन्जिनियर — लेखा प्रमुख

पेश गर्ने — सिफारिस गर्ने

**राजश्व शाखाले भर्ने**

| रसिद नं. र मिति | जम्मा गरिएको रकम | रकम बुझ्नेको दस्तखत |
|---|---|---|
| | | |

..............................................
प्रमुख प्रशासकीय अधिकृत
स्वीकृत गर्ने

अनुसुची २

(ब्याक-लोडर मर्मतका लागि मर्मत आदेशको ढाँचा)

श्रीप्रमुख ज्यू,

महाकुलुङ गाउँ कार्यपालिकाको कार्यालय,

बुङ, सोलुखुम्बु ।

**बिषयः ब्याकलोडर मर्मत सम्बन्धमा ।**

यस महाकुलुङ गाउँ कार्यपालिकाको कार्यालयको ........................नं. को ब्याकलोडरको तपशिलको पार्टसमा खराबी आई सञ्चालनमा बाधा परेकोले चेकजाँच गराई मर्मतको व्यवस्था मिलाई दिनु हुन यो निवेदन गर्दछु ।श्रीमानको जो आदेश ।

तपसिल

| समस्या आएको सामान वा पार्टसको विवरण | परिमाण | समान फेर्नु पर्ने वा मर्मत गर्नु पर्ने कारण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

मेशिन अपरेटर

नाम थर:-

..........................................................................

इन्जिनियरले भर्ने

उपरोक्त समान फेर्नु पर्ने र मर्मत गर्नु पर्ने देखिएकोले सिफारिस गर्दछु ।

नाम थरः

दस्तखतः

अनुसूची ३

**ब्याक लोडर सञ्चालन लकबुक**

महाकुलुङ गाउँकार्यपालिकाको कार्यालय

बुङ सोलुखुम्बु ।

सवारी साधन नं.

चालकको नामः ..............................................

| सि.न. | मिति | कामको विवरण | शुरु अंक (घण्टा र मिनेट) | अन्तिम अंक(घण्टा र मिनेट) | जम्मा (घण्टा र मिनेट) | इन्धन खर्च | चालकको हस्ताक्षर | उ.स.वाट प्रमाणित गर्नेको नाम र हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |